नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
# ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग ई.पि.एस. शाखा

## Manufacturing क्षेत्र तर्फको कोरियन भाषा (EPS-TOPIK-2023, UBT) को Skills Test and Competency Test सम्वन्धी सूचना।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MoU) अन्तर्गत कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारहरुको छनौट गर्न HRD Service of Korea बाट मिति २०८०।११।०७ देखि २०८०।१२।२४ (तदानुसार ई. स. February 19, 2024 – April 06, 2024) सम्म सम्पन्न भएको Manufacturing क्षेत्र तर्फको पहिलो चरणको कोरियन भाषा परीक्षाको नतिजा HRD Service of Korea बाट प्राप्त भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पहिलो चरणको कोरियन भाषा परीक्षाको नतिजामा उतीर्ण हुनु भएका परीक्षार्थीहरुको दोस्रो चरणको Skills Test and Competency Test को परीक्षा **नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा मिति २०८१ बैशाख ९ गते देखी १५ गते (तदानुसार ई. स. April 21 – April 27, 2024)** सम्म संचालन हुनेछ।

उतीर्ण हुन सफल हुनु भएका परीक्षार्थीहरुको नामावली, Skills Test and Competency Test परीक्षाको मिति र समय यसै साथ संलग्न गरिएको छ।

**परीक्षार्थीहरूका लागि सूचना**

a) परीक्षार्थीहरुले आफ्नो तोकिएको परीक्षा मिति, समय, र स्थान परिवर्तन गर्न सक्ने छैन।
b) सूचीमा तोकिएको मिति र समय भन्दा अघि पछि परीक्षा स्थलमा प्रवेश गर्न दिइने छैन।
c) परीक्षार्थीहरुले आफ्नो सक्कल पासपोर्ट र प्रवेश पत्र अनिवार्य रुपमा लिई आउनु पर्ने छ, अन्यथा परीक्षा स्थलमा प्रवेश गराइने छैन।
d) परीक्षार्थीहरुले Skills Test and Competency Test परीक्षामा सहभागी नभएमा Manufacturing Sector को भाषा परीक्षाको उतीर्ण सूचीमा समावेश हुने छैन।
e) परीक्षार्थीहरुले परीक्षाको समयमा प्रमाणिकरण प्रमाण पत्रको सक्कलै लिई उपस्थित हुनु पर्ने छ।

*कोरियन भाषा परीक्षा उत्तीर्ण हुनु भनेको रोजगारीको छनौट प्रकृयामा सामेल हुन रोष्टरमा सूचिकृत हुनु मात्र हो, शत प्रतिशत रोजगारीको ग्यारेन्टी भने होइन ।*

*तसर्थ आफ्नो पेशा, व्यवसाय आदिलाई निरन्तरता दिनुहोला ।*

*धन्यवाद!!*

ई.पी.एस कोरिया शाखा